Vangmaya
Vol. 22, No. 1: 106-115, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85537
https://orcid.org/0009-0002-4146-4373

# आमाको सपना कवितामा सौन्दर्य

**डा. रजनी ढकाल***

## लेखसार

*गोपालप्रसाद रिमाल काव्यसौन्दर्य र समयचेतनाका कवि हुन् । उनको आमाको सपना कवितामा काव्यसौन्दर्यका केकस्ता पक्षको प्रयोग गरिएको छ भन्ने समस्यामा केन्द्रित भएर गरिएको यस अध्ययनमा आमाको सपना कविताको पाठपरक विश्लेषण गरिएको छ । राजनीतिक परिवर्तनको चाहना राखिरहेको तत्कालीन समयको आवाजलाई सुन्दर र सशक्त काव्यसौन्दर्यमा प्रस्तुत गरिएको यस कविताको विश्लेषणको आधार कविताको भाषा, बिम्ब, अलङ्कार, प्रतीक समयचेतना, दर्शन र सन्देशलाई लिइएको छ । आमाको सपना कवितालाई काव्यसौन्दर्यका उल्लिखित कोणबाट अध्ययन गर्दा यस कवितामा उच्च सौन्दर्यचेतना रहेको निष्कर्ष प्राप्त भएको छ । रिमालको समाज र देशप्रतिको जिम्मेवारीबोध र तत्कालीन समयले चाहेको परिवर्तनको आवाजलाई स्पष्ट रूपमा शक्तिशाली काव्यबिम्बका साथ कवितामा प्रस्तुत हुन सकेको र यो क्षमता कविमा देखिएको आमाको सपना कविताले पुष्टि गरेको छ । शिल्प सौदर्य, समयचेतना तथा दर्शनका कोणबाट रिमालको आमाको सपना सशक्त रचना हो भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी :** गुणवत्ता, प्राकृतिक बिम्ब, शिल्प, सन्देश, समयचेतना ।

## विषयपरिचय

गोपालप्रसाद रिमाल (१९७५-२०३०) आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका कवि हुन् । नेपाली कवितालाई पद्यकविताको परम्पराले सम्मोहित गरिरहेका समयमा कविताको गद्यभेद र यसको सफल बान्कीसहित प्रस्तुत भएका कविका रूपमा रिमाल परिचित छन् । उनी गद्यका सामान्य प्रयोक्ता मात्र नभएर गद्यकवित्वलाई सौन्दर्यात्मक अनुभव र अनुभूतिका साथ प्रस्तुत गर्ने कवि पनि हुन् । १९९२ सालमा 'कविको गान' (*शारदा,* १९९२, फागुन) शीर्षकको गद्यकविता लेखेर आफ्नो कवि परिचय प्रारम्भ गरेका रिमाल स्वच्छन्द, भावुक साथै क्रान्तिकारी चेत भएका कवि हुन् । *आमाको सपना* (२०२०) कवितासङ्ग्रह प्रकाशन गरेका कवि रिमाल यही कृतिका कारण नेपाली साहित्यको गद्यकविताका शक्तिशाली स्रष्टा बनेका छन् । सङ्ख्यात्मक रूपमा कम लेखेर पनि सौन्दर्यचेतनासहितको गुणवत्ता उनका कवितामा पाइन्छ । यसबाहेक समयचेत, क्रान्तिचेत, हकीपन र आत्मविश्वास पनि रिमालका कवितामा व्यक्त भएका छन् ।

कविता भावना, विचार र कल्पनाको लयबद्ध र कलात्मक अभिव्यक्ति हो । कवितामा प्रकृति, जीवनजगत् तथा मानवीय समाजका अनेक पक्षको अनुभूतिमय प्रस्तुति हुन्छ । लय, अलङ्कार, बिम्ब, प्रतीक जस्ता गुण कवितामा हुन्छन् र यसले कविभावनाको स्वतःस्फूर्त अभिव्यक्ति दिन्छ । विशिष्ट भाषिक कलाका माध्यमबाट कविताले पाठकको हृदय छुने क्षमता राख्छ । भावना र संवेगलाई बिम्ब र लयमा बुनेर प्रस्तुत गरिने कला कवितामा हुन्छ । त्यसैले कविता शब्दहरूको

* डा. ढकाल नेपाली केन्द्रीय विभागमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

समूह मात्र होइन यो हृदयको आवाज, कल्पनाको चित्र र संवेदनाको सग्लो स्वरूप हो । कविताको सौन्दर्य भनेको पनि कविताको स्वरूपसँग जोडिएको यही कला हो । एउटा कविताले कसरी पाठकको मनलाई छुन्छ र उसको चेतना र मस्तिष्कलाई स्पर्श गर्छ भन्ने विषय यसमा जोडिएको हुन्छ । कविताको भाषा, लय, अर्थ र प्रभाव कति सशक्त छ भन्ने कुराको बोध गराउने पक्ष कविताको सौन्दर्य हो । कविताले समयको चेतनासँगै समाजका अपेक्षालाई पनि सम्बोधन गर्न सक्दा त्यसको भावगत र वैचारिक सौन्दर्य सबल बन्छ ।

गोपलप्रसाद रिमाल नेपाली साहित्यका प्रथम र सफल गद्यकवि हुन् भन्दै तारानाथ शर्माले रिमालको ऐतिहासिक योगदानको तथ्यलाई पुष्टि गरेका छन् । *आमाको सपना*को भूमिका अनि 'नेपाली गद्यकविताको प्रथम प्रयोग कसले गऱ्यो ?' शीर्षकको शर्माको अनुसन्धानमूलक लेखमा शर्माले रिमालको प्रथम गद्यकवित्वको पुष्टि गरेका छन् । त्यति मात्र होइन काव्य सौन्दर्यसहित गद्यकविता लेखनमा निरतन्ता दिने स्रष्टाका रूपमा पनि शर्माले रिमाललाई चिनाएका छन् । *आमाको सपना* कविता सङ्ग्रहको 'भूमिका' (२०१९) मा तारानाथ शर्माले 'आमाको सपना' कवितामा कविले सबैले बुझ्ने उपमा र प्रतीकको प्रयोग गरेको उदाहरण दिँदै क्रान्तिलाई जून र अत्याचारलाई जडतासित तुलना गरेको तर्क गरेका छन् । त्यसैगरी *साझा समालोचना* (२०२५) मा केशवप्रसाद उपाध्यायले 'गोपालप्रसाद रिमाल र आमाको सपना' शीर्षकको समालोचनामा 'आमाको सपना' कविता आलङ्कारिक मात्र नभएर भाव र ध्वनि समन्वित भएको रचना मानेका छन् । ठाकुरप्रसाद पराजुलीले *नेपाली साहित्यको परिक्रमा* (२०४५) ग्रन्थमा 'रिमालका कवितामा प्रतीकको भूमिका' लेखभित्र 'आमाको सपना' कवितामा सातसाले क्रान्तिपुरुष जन्माउने अभिलाषा प्रतीकका रूपमा प्रयोग भएको कुरा व्यक्त गरेका छन् । त्यसैगरी प्रेम तिवारीले *प्रज्ञा* (२०८०) मा प्रकाशित लेख 'आमाको सपना कवितामा आर्थी व्यञ्जना' लेखमा यस कविताको व्यञ्जना पक्षको अध्ययन गरेका छन् । यसरी माथिका पूर्वकार्यको अध्ययनबाट 'आमाको सपना' कवितामाथि सौन्दर्य पक्षका दृष्टिबाट अध्ययन भएको पाइँदैन । 'आमाको सपना' कवितामा अन्य पक्षबाट अध्ययन गरिएको भए पनि यस कविताको सौदर्यका पक्षबाट विश्लेषण नभएका सन्दर्भमा यो अध्ययन महत्त्वपूर्ण रहेको छ । प्रस्तुत अध्ययनमा कवि रिमालको 'आमाको सपना' कविताको सौन्दर्यलाई सौन्दर्यशास्त्रीय चिन्तनका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा 'आमाको सपना' कविताका विषयवस्तु र प्रस्तुतिकलालाई आधार मानी पाठविश्लेषण पद्धतिका आधारमा कविताको व्याख्या र विश्लेषण गरिएको छ । यहाँ 'आमाको सपना' कवितालाई प्राथमिक सामग्रीका रूपमा लिई कविताको भाषा, बिम्ब, प्रतीक, लय, समयचेतना, दर्शन र सन्देशका आधारमा अध्ययन गरी यो कविता सौन्दर्यचेतनाका कोणबाट सबल रहेको निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीको सङ्कलन 'आमाको सपना' कवितामा व्यक्त कथ्य तथा भाव सन्दर्भ, कविताको भाषा, बिम्ब, अलङ्कार र प्रतीक तथा कवितामा प्रकट भएको समयचेतनाका पक्षबाट गरिएको छ । ती सामग्रीको चयन कविताको सौन्दर्य पक्षमा केन्द्रित रही उद्देश्यमूलक नमुना छनोट पद्धतिबाट गरिएको छ । यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा कविताको सौन्दर्यको अध्ययनका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ तथा 'आमाको सपना' कवितामा केन्द्रित अनुसन्धानमूलक लेखहरू प्रयोग गरिएको छ । कविताको सौन्दर्यको विश्लेषणका लागि मूलतः पाठविश्लेषण पद्धति उपयोग गरिएको छ । कविताको सौन्दर्यको अध्ययनका लागि भावसन्दर्भ, कविताको भाषा, बिम्ब, अलङ्कार, समयचेतना तथा दर्शन र सन्देशका पक्षबाट अध्ययनलाई सीमित गरिएको छ ।

## सैद्धान्तिक आधार

कविताको सिर्जना सौन्दर्यको प्रतिबिम्बनका रूपमा हुन्छ । सौन्दर्यले नै कवितालाई शक्ति दिन्छ र एउटा संरचना तथा शिल्पमा प्रस्तुत गर्दछ। कविले कवितामा मानवीय जीवनलाई प्रस्तुत गर्छ र त्यसलाई सुन्दर बनाएर प्रस्तुत गर्दछ। यसरी सौन्दर्य मानवीय मूल्यबोध र सन्तुलनको सिद्धान्त हो जसले कलात्मक आनन्दको अनुभूति गराउँछ । कलात्मक अनुभूति नै कलाको मूल्यबोधको चेतना हो । मूल्यबोधको अर्थ मानवीय जीवनका विभिन्न पक्षहरूको बोध हो भने सन्तुलन सौन्दर्यात्मक अनुभूतिको अवस्था हो । यस दृष्टिले सौन्दर्य मानव अनुभवको प्रस्तुति हो भने यस प्रस्तुतिलाई सर्जकले आफ्नो क्षमताका आधारमा प्रस्तुत गर्ने गर्दछ (बलार्ड, सन् १९५७, पृ. ५) । यही सौन्दर्यको बोधलाई कलामा सौन्दर्यचिन्तनका रूपमा चिनिन्छ । सौन्दर्यचिन्तन साहित्यको मूल दर्शन हो र यसले कविताको स्वरूपको विश्लेषण गर्दछ । सौन्दर्यले नै कवितालाई शक्तिशाली बनाउँछ । सौन्दर्यचेतकै कारण कविले पनि कविताको सिर्जना गर्दछ । यसरी कविता सौन्दर्यात्मक अनुभव हो भने यसलाई कविताको विषय र कलाका विविध पक्षका बिचको सम्बन्धका आधारमा व्याख्या गरिन्छ (पृ. ४३) । अरिस्टोटलको अनुकरणात्मक सिद्धान्तदेखि नै कविताको यही सौन्दर्यात्मक विशेषताको विश्लेषण गर्ने परम्परा स्थापित भएको हो ।

कवितामा प्रयोग गरिएका कलात्मकता, भावनात्मक गहिराइ, भाषिक सौन्दर्य, संरचना र सामाजिक-सांस्कृतिक अर्थ नै कवितालाई सुन्दर बनाउने पक्ष हुन् । कविताको सौन्दर्यशास्त्रले कविताको कलात्मक मूल्य र प्रभावको अध्ययन गर्छ । कविताको सौन्दर्यशास्त्रका मुख्य पक्षहरू भाषिक सौन्दर्य, भावनात्मक गहिराइ, कलात्मक संरचना, सांस्कृतिक र दार्शनिक आयाम, पाठकीय अनुभव हुन् । कविताको भाषिक सौन्दर्यमा त्यसमा प्रयोग भएका अलङ्कारको पक्ष, लय तथा शब्दचयनको सौन्दर्य पर्दछन् भने भावनात्मक गहिराइमा भावनाको प्रभावकारी र स्पष्ट अभिव्यक्ति पर्दछ । लेखकले पाठकसँग भावनात्मक सम्बन्ध बनाउने शक्ति पनि यसमा जोडिएको हुन्छ । कविताको कलात्मक संरचनाले कविताको लयबद्ध संरचना र बुनोटलाई हेर्दछ । यसमा संरचनात्मक समरूपता र दृश्यात्मक सौन्दर्य पर्दछन् । त्यसैगरी कविता कुन समयमा कुन परिवेशमा लेखिएको हो भन्ने कुरा कवितामा देखिनुपर्छ । त्यसले नै समाजको सांस्कृतिक र दार्शनिक आयामलाई सम्बोधन गरेको हुन्छ । कवितामा त्यस समयको समाज, संस्कृति, दर्शन, राजनीति आदि पक्ष देखिन्छन् । त्यसैगरी पाठकीय अनुभवले कविता पढ्दा पाठकमा उत्पन्न हुने सौन्दर्यबोधलाई बुझाउँछ । यसमा कविताको पठनमा बहुअर्थ हुनुलाई विशेष सौन्दर्यको अवस्थालाई बुझाउँछ । कविता सधैँ परिवर्तन हुन्छ र यसका नियमहरू परिवर्तनशील हुन्छन् । यसले सधैँ परम्पराका मूल्य र मान्यतालाई अँगालेको हुँदैन । पूर्ववर्ती मान्यतालाई मात्र अवलम्बन गर्ने कविले समतल र बासी कविता मात्र लेख्छ (स्कोल्स र अन्य, सन् २०१०, पृ. ५२९) । सौन्दर्य कविताको गुण हो । यसले कवितालाई सुन्दर बनाउने आधार दिन्छ । हिलका दृष्टिमा सौन्दर्य कलाको गुणात्मक प्रश्नसँग जोडिएको हुन्छ र यसले कलाको दार्शनिक आधारका साथै नैतिक आधार पनि प्रदान गर्दछ (सन् २०१०, पृ. ५) । सौन्दर्य कविताको कलापक्षसँग जोडिने हुँदा यसले त्यही आधारमा कविताको गुणात्मकताको अध्ययन गर्दछ ।

प्राचीन ग्रिसेल शब्द आस्थेसिस (aesthesis) को अङ्ग्रेजी रूप आस्थेटिकले कविताको कलात्मक अर्थलाई संवहन गर्छ । यसले कवितालाई संवेदना र अवधारणात्मक रूपमा हेर्छ (वेल्स, सन् २०२२, पृ. ४) । कवितामा सौन्दर्यले कविता कसरी प्रस्तुत भएको छ भनेर मात्र होइन यसले कस्तो अर्थ राख्छ भन्ने कुराको पनि अध्ययन गर्दछ । यही आधारमा वेल्स भन्छन्, सौन्दर्य संज्ञानको विज्ञान हो र विशेषतः कवितालाई पूर्णता प्रदान गर्ने काम यसले नै गर्छ (सन् २०२२, पृ. ४) । कवितामा संज्ञान भनेको कलात्मक अनुशासन हो । कलात्मक अनुशासन कविताका कलात्मक तत्त्वका

माध्यमबाट प्राप्त हुन्छ र त्यो कविताको कलामूल्यमा आधारित हुन्छ । यस दृष्टिले सौन्दर्य कलात्मक प्रश्नसँग जोडिन्छ । कवितामा पनि यही कलामूल्यका आधारमा सौन्दर्यको मापन गरिन्छ । यस्तो कलामूल्य वास्तविक विश्वसँग जोडिन्छ वा नजोडिन पनि सक्छ । वास्तविक विश्व यथार्थको निकट हुन्छ भने त्योभन्दा फरक विश्वले कल्पनालाई मुख्य विषय बनाउँछ । यही दृष्टिलाई पुष्टि गर्दै वेल्स भन्छन्, कविताको अभ्यासले यसको सौन्दर्यलाई आत्मैदेखिको बोधबाट सिद्ध गर्छ । यसका लागि कविले कलाको सिद्धान्त र व्यवहारलाई जोडेको हुनुपर्छ (सन् २०२२, पृ. ७) । सिद्धान्त र व्यवहारलाई जोड्ने कुरा सौन्दर्यको परम्परासँग जोडिन्छ । प्राचीन सौन्दर्यशास्त्रका आफ्नै मूल्यहरू थिए भने वर्तमान सौन्दर्यका पनि आफ्ना मूल्यहरू छन् । यस दृष्टिले सौन्दर्यचेतना पनि समय र इतिहाससँग सम्बद्ध हुन्छ भने यसको विश्लेषण पनि त्यसैका आधारमा हुन्छ । समकालीन सौन्दर्यचेतनाले कलामूल्यलाई मात्र नभएर सामाजिक मूल्यलाई पनि हेर्ने गर्दछ । त्यस दृष्टिले वर्तमान कलामूल्य, जीवन्त पर्यावरण तथा राजनीति, अर्थतन्त्र र जैविक पद्धति, मूल्य र विज्ञानसँग सम्बद्ध छ (वेल्स, सन् २०२२, पृ. ८) । गोपालप्रसाद रिमालको 'आमाको सपना' कवितलाई परम्परागत सौन्दर्य मूल्यका आधारमा हेर्दा रस, ध्वनि, अलङ्कार, अनुकरण, विरेचनका तात्पर्यमा हेर्न सकिन्छ भने वर्तमान सन्दर्भमा यसको सौन्दर्यमूल्यलाई राजनीतिक, वैचारिक सञ्चेतनासँग जोड्दै कथ्य र भाव, भाषा, अलङ्कार र प्रतीक तथा समयचेतना, सन्देश र दर्शनका आधारमा विश्लेषण गर्न सकिन्छ ।

संस्कृत साहित्यमा रस सिद्धान्तले कविताको विषय र विषयीको बोध गराउँछ । कवितामा व्यक्त संरचना र त्यो संरचनाको कल्पनात्मक प्रस्तुतिकै क्रममा कविले कवितालाई प्रस्तुत गर्दछ र त्यसलाई प्रस्तुत गर्ने तरिकाका रूपमा बिम्ब वा प्रतीकहरू आउँछन् जसलाई परम्परामा भाषाको कला पनि भन्ने गरिएको छ । यो प्रतीकात्मक भाषिक कलाका माध्यमबाट प्रस्तुत हुन्छ । यस दृष्टिले कलाले यथार्थको व्याख्या त गर्छ तर यसमा सहज व्याख्या नभएर रूपसौन्दर्यको चेतनामूलक अभिव्यक्ति हुन्छ ।

## आमाको सपना कविताको भाव सन्दर्भ

'आमाको सपना' कविता समयचेतनाको प्रखर तेजबाट व्युँफिएका कविको सौदर्यमूलक अभिव्यक्ति हो । यस कविताको कथ्य व्यक्ति आमाबाट सुरु भएर समग्र आमाहरू हुँदै नेपाल आमासम्म बिस्तारित छ र मूलतः यसले नेपाल आमाको सन्दर्भलाई नै ध्वनन गरेको छ । कविले कवितामा आमा र छोराको संवादात्मक अभिव्यक्तिलाई प्रस्तुत गर्दै आशावादी भावचेतनाको सञ्चार गरेका छन् । यसै क्रममा कविले प्रश्नमय अभिव्यक्तिबाट उत्तरको शृङ्खलालाई जोडेका छन् । यहाँ छोरालाई आमाको प्रश्नको उत्तर दिने पात्रका रूपमा प्रस्तुत गरिएको छ । कवितामा सन्तानको सपनामा देखिएकी आमासँग भएको संवादात्मक अभिव्यक्तिमा नेपाल आमाको परिवर्तनको चाहना प्रकट भएको छ । यहाँ छोराको आकाङ्क्षामा आमाको मुक्तिचेतनाको सुन्दर संयोजन कविले गरेका छन् । नेपाल आमाको मुक्तिको सपना पूर्तिका लागि कविले पवित्र क्रान्तिपुरुषको कल्पना गरेका छन् अनि परिवर्तन जुनसुकै हालतमा आउने दृढ विश्वास प्रकट गरेका छन् । कविले 'तर त्यो आगो र हिउँभन्दा पनि बढ्ता छोइने भएर आउँछ' भन्दै परिवर्तनले सबैलाई समेट्ने विश्वास अनि समाजमा ल्याउने सुदीर्घ विकास र त्यसको प्रभावकारितालाई समेत सङ्केत गरेका छन् । परिवर्तनको जादुमयी असरलाई सबैमा विश्वासिलो बनाउन र प्रभावकारी छाप दिन नेपाल आमालाई बोल्न लगाई 'तर त्यो तिमी नै हौला भन्ने मेरो यौवनभरिको सपना थियो' भनेका छन् । यहाँ हरेक नवजात शिशुमा आफ्नो सपना पूरा गर्ने क्रान्तिपुत्र जन्मिने आशाको अभिव्यक्ति छ । एउटी आमाको चिरप्रतीक्षित सपनाको उल्लेख गरेर कविले आमाको अन्तरमनको चाहनालाई पहिल्याएका छन् अनि उनको मनको खिन्नतालाई पनि समेटेका छन् । आमाको हरेक पटकको प्रस्तुतिमा दुःख र

सङ्कट हटाउने सन्तान जन्मेला भन्ने आशाको अभिव्यक्ति कवितामा छ अनि प्रत्येक बालक जन्मिदा उही चिरप्रतीक्षित सन्तान होला भन्ने आशा पनि नेपाल आमाले गरेकी छन् । जति सन्तान जन्मिए पनि आफ्नो सपना पूरा गर्ने सन्तान नजन्मेकोमा आमामा हैरानीका साथै आगामी सन्तानप्रति आशा पनि छाएको छ । कुपुत्र भए पनि कुमाता हुन्नन् भनेझैँ आमाले सबैखाले सन्तानलाई ममतामयी काखमा समेटेर पुनः आगामी वीर सन्तानको आशा गरेकी छन् । उनी वीर बन्न नसकेका शिशुलाई भविष्यको उज्यालोको कथा सुनाउन थाक्दिनन् र भन्छिन् - त्यो तिमी नै हौला... । जस्तोसुकै विपत्तिमा पनि धैर्य राखेर भविष्यको आशामा सन्तान जन्माइरहने नेपाल आमाको स्थिति कवितामा वर्णित छ । आफ्नो चाहना सुनाएर सन्तानलाई त्यही सपनामा लालायित बनाउने आमाको मधुर वाणीले कवितालाई ओज दिएको छ । 'त्यो आउने आशाले मेरो हृदयलाई कुत्कुत्याइसक्यो आमा' भन्ने शिशुको अभिव्यक्तिमा कविता क्रान्तिमय भावभूमिमा सघनरूपमा समर्पित रहेको बुझाउँछ । त्यसैगरी 'हो त्यो आउँछ, त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ' भन्ने आमाको कथनले क्रान्ति आउनु सूर्योदय झैँ अनिवार्य र ध्रुवसत्य हो भन्ने दृढ आशा र विश्वास प्रकट गरेको छ ।

कवितामा कविले क्रान्तिको उद्देश्य अधर्मसित लड्नु हो भनेका छन् । राणाशाहीको सहस्राब्दी लामो थिचोमिचो र शोषणबाट हिरिक्कै हुन लागेका नेपाली जनता र नेपालको सास जोगाउने आस कवितामा प्रकट भएको छ । क्रान्तिको ऊर्जावान् स्वरूपसँगै यसको सौन्दर्यमा लालायित हुन सक्ने क्रान्तिकारी नेपालीको चाहना पनि कवितामा प्रकट भएको छ - 'त्यो हुरी भएर आउनेछ, तिमी पात भएर पछ्याउनेछौ ।' परिवर्तनशील समयको चेतनाले अनिवार्य रूपमा समेट्ने सामाजिक समर्थनलाई पनि यस पङ्क्तिले कलात्मक रूप दिएको छ । समाजमा जब परिवर्तनको लहर थालिन्छ तब त्यसले हर व्यक्तिलाई संवेदनशील बनाउँछ र ऊ त्यो समयचेतनाको पर्वमय क्रान्तिमा समाहित नभइरहन सक्तैन । यो शक्तिशाली पङ्क्तिले नेपालको मात्र होइन संसारकै सामाजिक आन्दोलन र तिनमा समाहित भएका योद्धाको अवस्थालाई चिनाएको छ । यस कवितामा क्रान्ति एक दिन न एक दिन नआई छाड्दैन भन्ने तीव्र आशावादी धारणा पनि व्यक्त गरिएको छ । नेपाल आमालाई माध्यम बनाएर बिम्बमय बुनोटमा लेखिएको यस कविताले क्रान्ति पुरुषको कल्पना गरेको छ जो सधैँ अधर्मसित लड्न उत्साहित हुन्छ । कविले क्रान्ति पुरुषको पवित्र बिम्बको निर्माण यसरी गरेका छन्- 'त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्किने तिमी एक हतियार देख्नेछौ, त्यसैले ऊ अधर्मसित लड्ने छ ।' समाज परिवर्तन गर्नु भनेको सबैलाई समान अधिकारको भागी बनाउनु हो त्यसैले यो समाजमा भएको थिचोमिचो र अन्यायका विरुद्ध लड्छ । जब जब समाजमा अत्याचारका तह बढ्न थाल्छन् तब तब क्रान्ति आवश्यक पर्छ र त्यो हुन्छ नै । संसारमा भएका अन्यायका विरुद्ध मानव समाजले यस्तै क्रान्तिबाट आफूलाई अगाडि बढाउँदै ल्याएको देखिन्छ । समाज समुन्नत र अधिकार सम्पन्न बनाउन सबैमा चेतनाको लहर आउन जरुरी छ । समाजका हरेक विभेदका विरुद्ध क्रान्ति जरुरी हुन्छ र क्रान्तिबाटै विभेदको अन्त्य भई समानताको लहर आउँछ । त्यही समानताको चिरप्रतीक्षित लहरको प्राप्तिका लागि कविले यहाँ अधर्मका विरुद्धको लडाइँ लड्ने चाह व्यक्त गरेका छन् ।

## आमाको सपना कवितामा शिल्पसौन्दर्यको विश्लेषण

शिल्पसौन्दर्य कविता निर्माणको कला हो । कविताको कला निर्माणमा कविले सन्तुलन, विरोध, सौन्दर्य, गति अनुपातलाई प्रस्तुत गर्छ (ह्विटेन, सन् २०२३, पृ. २६) । 'आमाको सपना' कवितामा पनि कविले कविताका भिन्न भिन्न तत्त्वहरूलाई एक ठाउँमा जोडेर सन्तुलन कायम गरेका छन् भने त्यस सन्तुलनभित्र पनि उनले परम्परा र परिवर्तनको वैपरीत्यलाई जोड्ने काम गरेका छन् । यसका लागि उनले अतीत र भविष्यको समयसन्दर्भ र वर्तमानको यथार्थबोधलाई पनि महत्त्व दिएका छन् । यसरी अतीत, वर्तमान र भविष्यलाई जोड्दै क्रान्तिको सपनालाई विभिन्न सन्दर्भबाट संयोजन

गर्ने काम कविले गरेका छन् । कविताको सौदर्यका लागि आवश्यक पर्ने गतिशीलता पनि कवितामा बेजोड रूपमा आएको छ र यसालाई कविले समग्रतामा प्रस्तुत गर्दै अनुपातीय सन्तुलन पनि कायम गरेका छन् ।

कविता सौन्दर्यात्मक अनुभव र अनुभूतिबाट शक्तिशाली बन्दछ । यही आधारमा कलात्मक कार्यलाई योजनाबद्ध रूपमा संयोजन गरी अनुभवलाई सौन्दर्यात्मक आधार दिनु नै सौन्दर्य हो भनिएको छ (ह्विटेन, सन् २०२३, पृ. २७) । कवि रिमालले पनि सौन्दर्यात्मक अनुभवको आन्तरिक र बाह्य दुबै रूपलाई प्रस्तुत गरेका छन् । त्यसलाई व्यवस्थित गर्न उनले भिन्नता र अनुभूतिलाई जोड्ने काम गरेका छन् । यही जोड्ने क्रममा उनी हिउँ र आगो, हुरी र पात जस्ता विषयसन्दर्भलाई प्रस्तुत गर्छन् र उच्च कल्पनाचेतका आधारमा इतिहास र भविष्यलाई जोड्ने काम पनि गर्छन् । यसो गरिरहँदा उनले विषयलाई अत्यन्त सुन्दर रूपमा संयोजन गरेका छन् र कवितामा कलाचेतनाको पूर्ण परिपालना पनि गरेका छन् । उनका कवितामा कलाचेतनाका दृष्टिले आत्मसत्य, हार्दिकता, प्रेम जस्ता विषयहरू प्रस्तुत भएका छन् र आमाका रूपमा उपस्थित रहँदा सन्तानप्रतिको ममत्वको बोध पनि गरेका छन् । यहाँ सन्तानका अर्थमा नेपाली जनतालाई उभ्याइएको छ भने आमाका रूपमा नेपाल आमा प्रस्तुत भएकी छन् । कविको कवित्वचेत क्रान्तिसँगै प्रकट भए पनि कवितामा प्रेमभाव पनि सशक्त भएको छ । नयाँ नेपालको सपना बालकको सपना जस्तै हुने हुँदा कविले सपनालाई बालकप्रतिको प्रेमसँग जोडेका छन् ।

सत्चालिस हरफका सातओटा पङ्क्तिपुञ्जमा ‘आमाको सपना’ कविता संरचित छ । यो बिम्बमय शब्दशैय्यामा सजिएको रोचक संवादात्मक कविता हो । आमाछोराको संवादलाई अनुप्रासमय पङ्क्तिबाट आलङ्कारिक स्वरूपमा बुन्दै बिम्ब र प्रतीकको सजावट कविताभरि कुँदिएको छ । नेपाली कविता परम्परामा आजभन्दा साढे सात दशकपूर्वको समयमा नितान्त नौलो र मौलिक अभिव्यक्ति शैली यस कवितामा चयन गरिएको छ । आमा र सन्तानजस्तो आत्मीय र प्रिय नातासँग क्रान्तिको सम्बन्ध जोडी सन्तानबाट क्रान्तिको सपना देख्नुले कवितामा विपर्युक्तिपूर्ण भाव संयोजन भएको छ जसले गर्दा कविता अझ रोचक बन्न पुगेको छ । आमाको परिवर्तनको चाहनालाई छोराको सपनाले देखेको भए पनि कविताको शीर्षक आमाको सपना बनेको छ । सपनामा आएकी आमाले छोरासँग गरेको कुराकानीको रोचक बिम्ब सिङ्गो कविताले उतारेको छ ।

## आमाको सपनामा भाषा, बिम्ब, अलङ्कार र प्रतीक सौन्दर्य

नेपाल आमालाई माध्यम बनाएर अनुभूतिलाई पोखेको हुनाले कवितामा फरक रागात्मक सौन्दर्य पाइन्छ । कल्पनाको उच्च उडानमा कवितामा निर्माण भएका सुन्दर बिम्बले कवितालाई रोचक र अर्थलालित्यले भरिपूर्ण बनाएको छ । कवितामा प्रयोग भएका हिउँ, आगो, शीत, हुरी, पात, सूर्य, जून, मधुर उषा, चरा, बिहान जस्ता प्रकृतिका माध्यमबाट कवितामा सुकोमल र मधुर सत्यसँग त्यसको दीर्घकालीन सघन प्रभावको शब्दचित्र निर्माण गरी कवितालाई संवेद्य बनाइएको छ । कवितामा अलङ्कार नै बिम्बका रूपमा प्रयोग हुनु आधुनिक कविताको शक्तिशाली पक्ष हो (उपाध्याय, २०४८, पृ. ११८) । ‘हिउँ र आगोभन्दा बढ्ता छोइने’, ‘शीतजस्तै टल्किने’, ‘सूर्यझैँ उज्यालो छर्दै’, ‘हुरी भएर’, ‘पात भएर’, ‘जूनजस्तै पोखिँदा’, ‘मधुर उषा’, ‘चराको कण्ठ’ जस्ता प्राकृतिक बिम्बबाट कविले कवितामा क्रान्तिलाई प्रभावकारी र प्रिय स्वरूपमा ढालिदिएका छन् । त्यसैगरी ‘तर त्यो मीठो गीतले तिमीलाई आफ्नो बाँसुरी बनाएनछ’ जस्तो बिम्बले सङ्गीतमय आलोकबाट क्रान्तिको माधुर्यलाई वर्णन गरी क्रान्ति जस्तो क्रूर र डरलाग्दो विषयलाई पनि प्रिय र सुमधुर बनाई त्यसको लोकप्रिय छवि निर्माण गर्न सहयोग गरेको छ । त्यसैगरी बालकको हँसाइमा क्रान्तिको छवि देख्नु र बालकको बोलीमा क्रान्तिको मधुर ध्वनि सुन्नुले कविमा क्रान्तिलाई निश्छल र प्रियताको वस्तुको बिम्बमा

सजाइएको छ । बालक र क्रान्ति जस्ता परस्पर विपरीत तत्त्वको संयोजनले कवितामा विशेष सौन्दर्यको सिर्जना गरेको छ । कवितामा परस्पर विपरीत तत्त्वहरूको अनुबन्धबाट सिर्जित विपर्यासले भावाभिव्यञ्जनामा विशेष सौन्दर्य निर्माण गरेको हुन्छ (एटम, २०६१, पृ. ३७) । कवितामा आमा नेपाली आमाकी प्रतीक हुन् भने छोरा क्रान्ति पुरुषका प्रतीक हुन् । कविताले आमाको वात्सल्यमा क्रान्तिको मुहान देखाउनु नै कविताको सबैभन्दा शक्तिशाली बिम्ब निर्मिति हो । आफ्नो सन्तान अर्थात् प्रियपात्रलाई क्रान्तिमा होमिन प्रेरित गरी सपना पूरा गराउने आमाको अभिलाषाबाट कविताले अति संवेद्य र हृदयग्राह्य भावलाई प्रवाहित पार्न सफल भएको छ ।

रिमालले यस कवितामा भावनिवेदनका लागि जसरी सुन्दर शब्दशय्या तयार पारेका छन् त्यसैगरी भावलाई प्रभावकारी बनाउन उपयुक्त शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले रोचकता थपेका छन् । यो कवितामा माथि भनिएका बिम्बका उदाहरणले वाग्वैदग्ध्य र रसमय अनुभूति गराउन सफल भएका छन् । यस कविताको अलङ्कारयोजना परम्परावादी नभएर प्रयोगमूलक छ । कवितामा शब्दालङ्कारका अनुप्रास (श्रुत्यानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रास) र अर्थालङ्कारका उपमा, लुप्तोपमा, रूपक, संशय, स्मरण अलङ्कारको प्रयोग पाइन्छ । कवितामा वर्णको साम्यलाई अनुप्रास भनिन्छ (मम्मट, २०४२, पृ. ४०४) । कविताको पहिलो पङ्क्तिपुञ्जमा त्यो, शीत, तिमी, हतियार, सित, बढ्ता, त्यसैले, त, तर जस्ता शब्दमा ‘त’ वर्णको प्रयोग सोह्र पटक भएको छ । त्यसैगरी विभिन्न शब्दमा ‘छ’ वर्णको प्रयोग एघार पटक, ‘न’ वर्णको प्रयोग सात पटक ‘स’ वर्णको आवृत्ति पाँच पटक, ‘म’ वर्णको आवृत्ति नौ पटक भएको छ । त्यसैगरी कविताभरि यस्ता विभिन्न वर्णको आवृत्तिले कवितालाई चामत्कारिक, श्रुतिपेशल र लयात्मक बनाएका छन् ।

‘त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ’ पङ्क्तिमा ‘त्यो’ ले क्रान्ति, परिवर्तन वा क्रान्तिपुरुषलाई जनाएको छ । यहाँ त्यो उपमेय र सूर्य उपमान, उज्यालो साधारण धर्म र झैं वाचक शब्द हुन् । त्यसैले यो पूर्णोपमा अलङ्कारले सजिएको पङ्क्ति हो । सूर्य उपमानले यस कवितामा विशेष चमत्कार ल्याएको छ । अन्धकारको अन्त्य गर्ने बिहानको सूर्य सबैका लागि उपयोगी छ । यहाँ सूर्यले प्रकाश, ज्ञान, अधिकार, चेतना, न्यानोपन, आत्मीयता, प्रेम, सद्भाव, समानता आदि अर्थबोध गराउँछ । यसरी हरेक नकारात्मकतालाई चिर्ने अर्थमा सूर्य शब्दले विशेष भूमिका खेलेको छ र कविताको मूल्यलाई माथि उठाएको छ । त्यसैगरी कवितामा ‘उहिले त्यो जीवनलोकबाट झरेर जूनजस्तै पोखिँदा..., हिउँ र आगोभन्दा पनि बढ्ता छोइने भएर आउँछ, मधुर उषाले चराहरूको कण्ठलाई जस्तै’ आदि पङ्क्तिहरूमा पनि उपमा अलङ्कार परेको छ । ‘तर त्यो मीठो गीतले... पङ्क्तिमा रूपक अलङ्कार, ‘त्यो आउँछ कि आमा’मा सन्देह अलङ्कार, ‘तिमी जन्मदा तिम्रो अनुहारमा’ पङ्क्तिमा स्मरण अलङ्कारको प्रयोग छ । यसैगरी यस कवितालाई पूर्वीय समालोचना चिन्तनको अलङ्कारको शिल्पका कोणबाट अनेक व्याख्या गर्न सकिन्छ । यस कविताका आधारमा रिमाल उच्च शिल्पचेतना भएका कवि मानिन्छन् ।

## आमाको सपनामा समयचेतना

‘आमाको सपना’ कवितामा समयचेतनाको सौन्दर्य सशक्त छ । रिमाल समयचेतनाका कवि हुन् । उनले यस कविताको रचना नै नेपालमा राणाशाहीको अन्त्यका लागि आफूलाई क्रान्तिपुरुषका रूपमा आरोपित गर्दै गरेका हुन् । राणाकालीन दमनका विरुद्ध १९९७ सालको सहिदको बलिदान खेर गएपछि रिमालको क्रान्तिकारी चेतनामा चोट पुगेको थियो । उनी केही समय नेपालबाट हराए अनि भारतको अरबिन्द आश्रममा ध्यानमा लीन भए । पछि १९९९ सालमा काठमाडौं फर्किएपछि उनको उग्र क्रान्तिकारी चेतनाले चुपचाप बस्न दिएन र यस कविताको रचना गरेका हुन् । यसै विषयमा केशवप्रसाद उपाध्याय लेख्छन्, “१९९७ सालको क्रान्ति अभियान दुर्घटित भएपछि भौंतारिँदै हराएका कवि

रिमाल जब १९९९ सालमा नेपाल फर्किए तब नेपालको नियतिलाई बदल्न क्रान्तिक्षेत्रमा प्रवेश गर्नुपर्ने विचार उद्घोष गरे । अनि उनले क्रान्तिको अवश्यम्भावितामाथि अमोघ विश्वास उत्पन्न गरी आफ्नो कविलाई क्रान्ति पुरुषका रूपमा स्थापना गर्दै 'आमाको सपना' लेखेका हुन्" (२०४९, पृ. ७४) । 'आमाको सपना' कविता २००० सालमा *शारदा*को कात्तिक अङ्कमा प्रकाशित छ । त्यसैले 'आमाको सपना' कविता समयको मागको सूक्ष्म चेतनाबाट उद्वेलित क्रान्तिकारी मनस्थितिको अभिव्यक्ति हो । तत्कालीन परिस्थितिका विरुद्ध अति आवश्यक भएको विद्रोहको ज्वालामुखीलाई अति संवेदनशील शैलीमा कवितामा व्यक्त गरिएको छ । क्रान्तिले निम्त्याउने ध्वंश र त्यसबाट हुने नवनिर्मितिको कल्पना कवितामा छ । यसले राणातन्त्रको अन्त्य र प्रजातन्त्रको उदयको कामना गरेको छ ।

रिमालका कविता समयचेतनाका शक्तिशाली दसी हुन् । रिमाललाई निर्भीक, हक्की र आत्मविश्वासी स्रष्टाका रूपमा समालोचक केशवप्रसाद उपाध्ययले चिनाएका छन् । उपाध्याय भन्छन्- "उनलाई स्वदेशको अवस्थाले सधैँ पिरोलिरहन्थ्यो । उनी विरक्त जस्तो बनी एकान्तमा चिन्तन गर्न मन पराउँथे । उनी राणाशाहीको अत्याचारलाई दुई आँखाले टुलुटुलु हेरेर पनि आँखा चिम्ली निश्चिन्त भएर व्यक्तिगत स्वार्थसाधनमा लिप्त रहने खालका थिएनन् । उनी कर्मठ योद्धा थिए, चुप लागेर बस्न सक्दैनथे" (२०४४, पृ. ११८) । रिमाललाई विद्रोही र क्रान्तिकारी कवि व्यक्तित्वका रूपमा उनकै कविताहरूले परिचित गराएका छन् । यसका साथै शारदा पत्रिकाको सम्पादनमा उनको लौहलेखनीको ओजले नेपाली भाषा र प्रवासी नेपालीका विषयमा आगो नै ओकलेको थियो । त्यसैको परिणामस्वरूप उनलाई राणा सरकारको कोपले सम्पादकको कार्यबाट मुक्त मात्र गरिदिएन उनको दुई महिनाको सम्पादकीय समेत जलाइदियो । कवितामा कविले क्रान्ति आउने समयलाई यसरी प्रस्तुत गरेका छन् :

> आमा, त्यो आउँछ र ?
> 'हो बा, त्यो आउँछ ।
> त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।
> त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने
> तिमी एक हतियार देख्ने छौ,
> त्यसैले ऊ अधर्मसित लड्ने छ !
> त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
> छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
> बढ्ता छोइने भएर आउँछ ।' (पृ. १)

क्रान्तिबाट परिवर्तन आउने विषयमा कवि विश्वास राख्छन् । कविलाई समयसँगै आउने चेतना र परिवर्तनसँगै जनताका अवस्थामा सुधार हुने विषयले उत्साहित बनाएको छ । नेपालमा क्रान्ति भयो, राणा सरकार ढल्यो, देशमा परिवर्तन आयो तर जनताको अवस्थामा अपेक्षित सुधार आउन सकेन । कवि जसका लागि कलम उठाउँथे उसैको नाजुक अवस्थामा बिथोलिरहे । उपाध्याय रिमालको विसङ्गत जीवनको अवस्थालाई सम्झिँदै लेख्छन् :

> प्रजातन्त्रोत्तर नेपालको अवस्था सपनासित मिलेको नदेख्ता उनको आशा चकनाचूर भयो । उनी एकाकी हुँदै गए, जोडा खोज्दै रहे, बर्बराउँदै खुकुरी नचाएर काठमाडौँका सडकहरू नाप्तै दुगुर्न थाले । उनको प्रखर चेतना समाजको पाषाण हृदयमाथि बज्रेर चूर्ण भै देशको अप्रिय यथार्थको माटोमा रङमडियो, तर त्यसले अपेक्षित प्रत्युत्तर पाएन र कविलाई उत्पीडित पारी रनथनायो अनि उनी पागल भए । नेपाली साहित्यको एउटा उज्यालो

> नक्षत्रमा कदाचित् सदाको लागि बादल लाग्यो । ...रिमाल जन्मजात कवि हुन् । गद्यमा कविता गर्नु यिनको प्राकृतिक प्रवृत्ति हो । यिनको प्रतिभा शैली, शिल्प, कल्पना र अभिव्यञ्जना सबैमा झल्किन्छ । (२०४४, पृ. ११९)

रिमाल समयचेतनाको प्रखर तेजबाट ब्युँझिएका स्रष्टा हुन् । उनको समयचेतनाको सुन्दर परिणाम लैङ्गिक चेतनालाई संबोधन गर्ने नाटकहरू पनि हुन् । रिमालको चेतनशील व्यक्तित्वको ओजलाई प्रखर बनाउने *मसान* (२००२) र *यो प्रेम* (२०१५) नाटकहरू हुन् । समाजको अवस्था र देशको राजनीतिक वातावरण रिमालको व्यक्तित्व निर्माणका कारक पनि बनेका छन् । समयचेतनाका साथ विद्रोहमा उभिएको उनको राजनीतिक व्यक्तित्वले साहित्यको शिल्पमा बुनिने जुन संयोग रिमाललाई प्राप्त भयो त्यो उनको प्रतिभाका साथै त्यस समयको देन पनि हो ।

## आमाको सपनाको दर्शन र सन्देश

जीवन र समय परिवर्तनशील छ । समयको मागले समाजलाई परिवर्तनको बाटोमा सधैँ क्रियाशील बनाउँछ । ‘ आमाको सपना’ कवितामा पनि समयको मागले ल्याउन खोजेको परिवर्तनको चाहना छ । त्यसैले यस कवितामा परिवर्तनशील प्रकृति दर्शन पाइन्छ । क्रान्तिले निम्त्याउने ध्वंश र त्यसपछि हुने नवनिर्माणको सपनाबाट राष्ट्रमा स्वस्थ र सुन्दर वातावरणको निर्माण गर्ने चिन्तन प्रकट भएको छ । यहाँ हुरी ध्वंसको प्रतीक हो जसले सारा सुकेका पुराना कुरा उडाएर लैजान्छ र नयाँ पालुवाको लागि स्थान दिन्छ भन्ने क्रान्तिबाट आउने आमूल परिवर्तनलाई कविताले सङ्केत गरेको छ । त्यसैले कवितामा स्वच्छन्दतावादी स्वप्नदर्शन वा भविष्य दर्शन प्रकट भएको छ ।

संसारमा जबजब दमन र अत्याचार भयो तबतब परिवर्तनका लागि अनेक लहर आए । नेपालमा पनि पटकपटक भएका क्रान्ति र तिनले ल्याएका परिवर्तन आफैमा महत्त्वपूर्ण छन् । पछिल्लो समयमा भएको दोस्रो जनआन्दोलनले ल्याएको लोकतान्त्रिक शासन पद्धतिले संबोधन गरेका लैङ्गिक, जातीय, दलित, क्षेत्रीय आदि मुद्दाले समाजमा फरक लहर निर्माण गरेको छ तर तिनका सैद्धान्तिक आवाजलाई व्यवहारमा उतार्न पनि समयकै प्रतीक्षा गर्नुपर्ने देखिएको छ। समाजमा क्रान्तिबाट भौतिक व्यवस्थाको परिपाटीमा परिवर्तन ल्याउनु एउटा फरक पाटो हो भने चेतनाको तहमा पुगेर समाजका सूक्ष्म पाटोलाई समयअनुसार बदल्दै लैजानु पनि अर्को सामाजिक र सांस्कृतिक क्रान्ति हो भन्ने बोध भएको देखिन्छ । त्यसैले मानिसका सोच र दृष्टिकोणमा क्रान्तिकारी परिवर्तन नआएसम्म समाज परिवर्तनको दिशामा अग्रसर हुँदैन भन्ने कुरा सबैमा अवगत भएको छ । आजका दिनमा सामाजिक जीवनका सूक्ष्म व्यवहारहरूलाई पर्गेलेर रिमालले कल्पना गरेको त्यो मिठो गीतलाई हाम्रै जीवनका अनेक व्यवहारले बाँसुरीको धूनमा बदल्न जरूरी भएको छ । ‘आमाको सपना’ मा क्रान्तिको उद्देश्य अधर्मसित लड्नु हो । आजको समयमा अधर्म भनेकै विभेदपूर्ण व्यवहार हो । सबैलाई मानवताको दर्जामा समतामूलक व्यवहार गर्ने वातावरणको सिर्जना गर्न सकेमात्र रिमालले भनेको जस्तो क्रान्तिको सपना पूर्ण हुन्छ । यस अर्थमा हेर्दा यो क्रान्तिको आह्वानमा रचिएको र समतामूलक समाज निर्माणको दर्शनले ओतप्रोत कविता हो । अनि यसले दिने सन्देश भनेकै क्रान्तिकारी परिवर्तन र स्वच्छ वातावरणको निर्माण हो । आमाको संवेदनाले निर्माण गरेको सन्तानप्रतिको समताको भावसँगै सुन्दर समयको परिकल्पना यसको उद्देश्य हो ।

## निष्कर्ष

गोपालप्रसाद रिमाल आधुनिक नेपाली कवितामा गद्य शैलीमा सुन्दर शिल्पका कविता लेख्ने स्रष्टा हुन् । कवितामा उनको शैल्पिक चेत उच्च छ र उनको 'आमाको सपना' कवितामा पनि यही उच्च शिल्पचेतनालाई प्रस्तुत गरिएको छ। नेपालको लोकतान्त्रिक अभियानलाई सुन्दर बिम्ब र प्रतीकका माध्यमबाट प्रस्तुत गर्दै क्रान्तिकारी आशावादी स्वरको प्रस्फुटन उनका कवितामा भएको छ भने त्यसको प्रस्तुतिको ढाँचा पनि शक्तिशाली रहेको छ। संरचनाका दृष्टिले पनि उनका कविता उच्च कोटिका छन् । यस दृष्टिले रिमालको 'आमाको सपना' कविता कथ्य तथा भावसौन्दर्य, भाषा, बिम्बप्रतीक तथा समग्र सौन्दर्य चेतका दृष्टिले उच्च स्तरको छ ।

गोपालप्रसाद रिमाल नेपाली साहित्य थोरै लेखेर पनि अत्यन्त लोकप्रिय शक्तिशाली गद्यकवि हुन् । उनका कविताले समय र युगको आवाजलाई सशक्त रूपमा उठाएका छन् । 'आमाको सपना' कविताले तत्कालीन राणा शासनको अन्त्यका लागि परिवर्तनकामी नेपाली जनताको आवाजलाई विशेष सौदर्यचेतनासहितको काव्य रूप दिएको छ । रिमालको क्रान्तिकारी दृष्टिलाई यस कविताले जति बलियो ढङ्गमा उठाएको छ। उत्तिकै सौन्दर्यपूर्ण कलाका साथ यो कविता सशक्त बन्न पुगेको छ। रिमालको काव्यशक्तिको एउटा शक्तिशाली दसीका रूपमा 'आमाको सपना' कविता नेपाली साहित्यमा सधैँ लोकप्रिय रहेको छ र रहिरहने छ। यस कवितालाई पाठकले मन पराउने मुख्य कारण यसको सौदर्यचेतना हो। कविताको कथ्य तथा भावसौन्दर्यको चेतना, शिल्पसौन्दर्यको चेतना, समयचेतना, दर्शन र सन्देशका कोणबाट 'आमाको सपना' कविता सशक्त छ।

## सन्दर्भ सामग्रीसूची

एटम, नेत्र. (२०६१). *समालोचनाको स्वरूप.* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद. (२०४४). गोपालप्रसाद रिमाल र आमाको सपना. साझा समालोचना. तेस्रो संस्क. पृ. ११८- १३१ ।

उपाध्याय, केशवप्रसाद. (२०४८). *पूर्वीय साहित्य सिद्धान्त.* दोस्रो संस्क. काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद. (२०४९). *रिमाल : व्यक्ति र कृति.* तृतीय संस्क. काठमाडौँ : साझा प्रकाशन ।

पन्त, भरतराज. (२०५६). *नेपाली अलङ्कार परिचय.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मम्मट, (२०४२). *काव्यप्रकाश.* (व्याख्याकार आचार्य विश्वेश्वर). छैटौँ संस्क. वारणसी : ज्ञानमण्डल लिमिटेड ।

रिमाल, गोपालप्रसाद. (२०४६). *आमाको सपना.* चौथो संस्क. काठमाडौँ : साझा प्रकाशन ।

सर्मा, ताना. (२०५०). नेपाली गद्यकविताको प्रथम प्रयोग कसले गऱ्यो ?. *भानुभक्तदेखि तेस्रो आयामसम्म.* छैटौँ संस्क. काठमाडौँ : साझा प्रकाशन ।

Ballard, E. G. (1957). *Art and Analysis: An Essay toward a Theory in Aesthetics*. Germany: Martines Nijhoff Hague.

Hill, J. M. (2010). 'Aesthestics and Quality: An Introduction'. On the aesthetics of Beowulf and other Old English Poems (Ed. John M. Hill) Toranto Buffalo London: University of Toronto Press.

Scholes, R., Comley N.R., Klaus, C.H. & Silverman, M. (2010). *Elements of Literature Fourth Edition*. New Delhi: Oxford University Press.

Welsch, W. (2022). 'Asthetics byond asthetics: Regarding the Contemporary Relevance of the asthetic & recharting the field of Asthethcs'. *Asthetics and the Philosophy of Art : Comparative Perspectives*. (Ed. Prabha Shankar Dwivedi) London & NewYork: Routledge.

Whitten, S. (2023). *Psychology, Art & Creativity*. NewYour & London : Routledge.